# प्रेस विज्ञप्ती

कार्तिक ०८, २०७८

## सिद्धार्थ बैंकको १५ प्रतिशतको लाभांश घोषणा

सिद्धार्थ बैंकले आर्थिक वर्ष २०७७/७८ को वितरणयोग्य मुनाफाबाट बैंकका शेयरधनीहरुलाई १५ प्रतिशत लाभांश प्रस्ताव गरेको छ ।

मिति २०७८/०७/०७ मा बसेको सञ्चालक समितिको ३८१औं बैठकले आफ्ना शेयरधनीहरुलाई १४.२५ प्रतिशत बोनस शेयर र ०.७५ प्रतिशत नगद लाभांश (बोनस शेयर कर प्रयोजनका लागि मात्र) गरी कुल १५ प्रतिशतको लाभांश वितरण गर्ने प्रस्ताव गरेको छ । बैंकको हालको चुक्ता पूँजी रु. १०,९६,२२,९९,१९५/- (अक्षरेपी दश अर्ब छयानब्बे करोड बाईस लाख उनानसय हजार एक सय पन्चानब्बे रुपैंया मात्र) मा १४.२५ प्रतिशत बराबरको रु १,५६,२१,२७,६३६/- (अक्षरेपी एक अर्ब छपन्न करोड एक्काइस लाख सत्ताइस हजार छ सय छत्तीस रुपैंया मात्र) बोनस शेयर तथा ०.७५ प्रतिशत बराबरको रु. ८,२२,१७,२४४/- (अक्षरेपी आठ करोड बाईस लाख सत्र हजार दुई सय चौवालीस रुपैंया मात्र नगद लाभांश प्रस्ताव गरेको हो । उक्त लाभांश नेपाल राष्ट्र बैंकबाट स्वीकृति भए पश्चात तथा आगामी साधारण सभाबाट पारित भएपछि वितरण गरिने छ ।

सिद्धार्थ बैंकले हाल देशभर १८९ वटा शाखा (३ एक्स्टेन्सन् काउन्टर सहित), ११४ शाखारहित बैंकिङ्ग र २०९ ATM मार्फत् उच्चस्तरिय बैंकिङ्ग सेवा प्रदान गर्दै आएको छ ।